# धर्मदेवीनगरपालिका
## राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

नेपालको संविधान तथा धर्मदेवीनगरपालिकाको सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड धर्मदेवीनगरपालिकाको राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, धर्मदेवीनगरपालिकाको राजपत्रमा रहने विभिन्न भागहरूको व्यवस्था गर्न, धर्मदेवीनगरपालिकाकोराजपत्रको नमूना ढाँचा स्वीकृत गर्न यो राजपत्र प्रकासन गरिएको छ ।

धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, धर्मदेवीनगरपालिकाको राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न धर्मदेवीनगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम धर्मदेवीनगरकार्यपालिकाकाबैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग – १
### प्रारम्भिक

१. **कार्यविधिको नाम** : यस कार्यविधिको नाम**धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७६** रहेको छ ।

२. **कार्यविधि लागू हुने** : यो कार्यविधिधर्मदेवीनगरकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### भाग– २
### धर्मदेवीनगरपालिकाको राजपत्रको भाग र ढाँचा

३. **धर्मदेवीनगरपालिकाको राजपत्रको भागहरूः** धर्मदेवीनगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची (१ बमोजिमका भागहरूमा वर्गीकरण गरिएको छ।



४. **धर्मदेवीनगरपालिकाको राजपत्रको ढाँचा** : धर्मदेवीनगरपालिकाको राजपत्रको ढाँचा अनुसूची (२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था** : धर्मदेवीनगरपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **धर्मदेवीनगरपालिकाको राजपत्रको संख्या**

(१) धर्मदेवीनगरपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरि पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरू भएपछि नयाँ संख्याबाट शुरू गरिनेछ ।

७. **धर्मदेवीनगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने सामग्री** : धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः ऐन भए भाग(१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारी** : धर्मदेवीनगरपालिकाको राजपत्रधर्मदेवीनगरपालिकाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा"नगरप्रमुख" वा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग - ३

## धर्मदेवीनगरपालिकाको राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

**९. धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशनको जिम्मेवारी**

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कामका लागि कार्य विवरणसहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र धर्मदेवीनगरपालिकाको राजपत्र प्रकाशन गरिनेछ ।

**१०. प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने**

(१) प्रकाशन हुने सामग्रीनगरकार्यपालिकाको कानूनसम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादनगरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशनगर्नेशाखा/एकाइमा पठाइनेछ ।

**११. धर्मदेवीनगरपालिकाको राजपत्रको अभिलेख व्यवस्थापन**

(१) प्रमाणीकरण भई आएकासामग्रीको अभिलेखदुरूस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिमधर्मदेवीनगरपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामाप्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रूपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

**१२. निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेः** नगरपालिकाले धर्मदेवीनगरपालिकाकोराजपत्रको प्रकाशितप्रति देहायका निकायमा निःशुल्क रूपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा धर्मदेवीनगरपालिकाको मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित धर्मदेवीनगरपालिकाकोविभाग/महाशाखा/शाखार

(ङ) नगरपालिकाकोप्रत्येक वडा कार्यालय

**१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः** नगरपालिकाबाट प्रकाशित



धर्मदेवीनगरपालिकाको राजपत्रलाई नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

**१४. बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य**

(१) प्रकाशित धर्मदेवीनगरपालिकाको राजपत्रनगरपालिकाको वडाहरु र धर्मदेवीनगरपालिकाको तहको सूचना तथा अभिलेखकेन्द्रतथा तोकिएको शाखा वा एकाइमार्फत् बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) धर्मदेवीनगरपालिकाको राजपत्रको देहाय बमोजिमकोबिक्री मूल्य निर्धारण गरिएको छ,

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दावडा कार्यालय वा धर्मदेवीनगरपालिकाबाट बुझिलिने गरीबार्षिक सदस्यताशुल्क लिई बिक्री गरेमा बार्षिक रू. ५९०/- (पाँच सय नब्बेमात्र)

(ख) खुद्रा बिक्री गर्दा धर्मदेवीनगरपालिकाको राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले धर्मदेवीनगरपालिकाको राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एकप्रतिको रू.५ मात्र
- ९ देखि २४ पेजसम्म एकप्रतिको रू.१० मात्र
- २५ देखि ४० पेजसम्म एकप्रतिको रू.१५ मात्र
- ४१ देखि ५६ पेजसम्म एकप्रतिको रू.२० मात्र
- ५७ देखि ७२ पेजसम्म एकप्रतिको रू.२५ मात्र
- ७३ देखि ९६ पेजसम्म एकप्रतिको रू.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रतिपेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**द्रष्टब्य**

माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । धर्मदेवीनगरपालिकाको सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।



धर्मदेवी नगरपालिका

**१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** धर्मदेवीनगरपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व नगरपालिका/नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिका/नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७. बचाऊ :** यो कार्यविधि लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।



**अनुसूची- १**

(दफा ३ सँग सम्बन्धित)

**धर्मदेवीनगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु**

**भाग(१**

यस भागमा धर्मदेवीनगरपालिकाको सभाबाट पारित भई सभाको प्रमुखबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग(२**

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली,निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा धर्मदेवीनगरपालिकाको सम्झौताको व्यहोरा प्रकाशन तहसँग गरिनेछ ।



धर्मदेवी नगरपालिका

## अनुसूची - २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

धर्मदेवीनगरपालिका

# धर्मदेवीनगरपालिकाको राजपत्र

धर्मदेवीनगरपालिका
धर्मदेवीनगरपालिकाको राजपत्र

खण्डः... संख्याः... मितिः .../../..

खण्डः... संख्याः... मितिः .../../..

**भाग-२**

**धर्मदेवीनगरपालिका**

**भाग-१**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा (धर्मदेवीनगरपालिका सभाले बनाएको ऐन, नियमको सम्पूर्ण व्यहोरा)

धर्मदेवीनगरपालिका

-०००-